STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २० गते शुक्रबार ❑ 4 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गठबन्धन लामो समयसम्म टिक्दैनः उपमहासचिव गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन



नेकपा (एमाले) उपमहासचिव एवं प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले वर्तमान गठबन्धन लामो समय नटिक्ने बताउनुभएको छ।

प्रेस चौतारी नेपाल गण्डकी प्रदेशको प्रथम अधिवेशनको बिहीबार पोखरामा उद्घाटन गर्दै अवसरवादका जगमा बनेको गठबन्धन कमजोर बन्दै गएको बताउनुभयो।

वर्तमान सरकारले मुलुकको विकास एवं जनताका अपेक्षालाई सम्बोधन गर्न नसकेको उल्लेख गर्दै उहाँले पत्रकार जगत्ले यस किसिमका मुद्दालाई अघि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। पत्रकारिता क्षेत्र जिम्मेवार र मर्यादित हुनुपर्ने बताउँदै गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्रीसमेत रहनुभएका गुरुङले समाजका सत्यतथ्य कुरालाई जनतामाझ ल्याउनुपर्नेमा जोड दिनुभयो।

चौतारीमा आबद्ध पत्रकारहरु नेताका वरिपरि घुम्नुभन्दा अध्ययन, अनुसन्धानका आधारमा लेख रचनाको माध्यमबाट जनतालाई सुसूचित गर्दै समृद्ध नेपालको अभियानमा जुट्नुपर्नेमा उहाँको जोड थियो। नेकपा (एमाले) सचिव तथा गण्डकी प्रदेश इन्चार्ज पद्मा अर्यालले माओवादीले एससिसी सम्झौतामा सडक र सदनमा दोहोरो चरित्र देखाएको बताउनुभयो।

सञ्चार क्षेत्रले समाजको परिवर्तनका लागि खोजमूलक पत्रकारितामा जोड दिँदै उहाँले त्यसका लागि क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। पार्टी पोलिटब्यूरो सदस्य एवं गण्डकी प्रदेश सहइन्चार्ज मना केसीले पार्टीको नीति, सिद्धान्त र विचारलाई जनतासमक्ष पुऱ्याउन पत्रकारहरूले जिम्मेवार भएर लाग्नुपर्ने बताउनुभयो। प्रेस चौतारी नेपालको वैशाख २७ र २८ गते पोखरामा हुने नवौं महाधिवेशन आयोजक कमिटी संयोजक गणेश पाण्डेले महाधिवेश सम्पन्न गर्न सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा गण्डकी प्रदेशअन्तर्गतका ११ जिल्लाका प्रेस चौतारीका संस्थापक, केन्द्रीय पदाधिकारीलगायत १७ जनालाई सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको थियो।

प्रेस चौतारी गण्डकी प्रदेश संयोजक सुष्मा पौडेलको संयोजकत्वमा भएको कार्यक्रममा एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङ, प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारी, प्रेस चौतारीका नेता दुर्गाप्रसाद शर्मा, रामकृष्ण शर्मा, विद्रोही गिरी, प्रकाशचन्द्र भट्टराईलगायतले पत्रकारिता क्षेत्रको भूमिका र महत्वमाथि चर्चा गर्नुभएको थियो।

## दुर पश्चिम प्रदेशका मन्त्रीहरु पुम्दीकोट महादेव मुर्ति अवलोकनमा

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन

तीन दीन गण्डकी प्रदेशको अवलोकन भ्रमणमा निस्केको सुदुर पश्चिम प्रदेशका मन्त्रीहरुको टोलीले बिहीबार पोखरा २२ स्थित पुम्दीकोट बिशाल महादेवको मुर्ति अवलोकन भ्रमण गरेको छ।

सुदुर पश्चिम प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री दीर्घ बहादुर सुडारी, आर्थिक मामिला मन्त्री तारा लामा तामाङ, राज्य मन्त्री माया तामाङ बोहरा लगायतको टोलीले विहिबार पुम्दीकोटमा हालै निर्माण भएको बिशाल महादेवको मुर्ति अवलोकन गरेको हो। साथै टोलीले विहिबार पोखरा २२ कै अर्को पर्यटकीय गन्तव्य विश्व शान्ति स्तुपाःको समेत अवलोकन तथा भ्रमण गरेको हो। टोलीमा सुदुर पश्चिम प्रदेशका प्रमुख सचिव रामेश्वर दंगाल, मन्त्रालयका सचिव सहित १४ जना सहभागि भएका छन्। समितिका अध्यक्ष बरालले वडा देखि पोखरा महानगर, प्रदेश सरकार र संघिय सरकारबाट सहित स्थानिय एवं केही उद्योगी व्यवसायीको सहयोगको कारण आज बिशाल महादेवको मुर्ति स्थापना गर्न सफल भएको बताए। उनले उक्त परियोजनामा हाल करिब साँढे ३ करोड ऋणमा काम भएकोले आगामी वैशाखमा महायज्ञ पुनः आयोजना गर्ने तयारी गरिएको समेत जनाए।

गण्डकी प्रदेशको अर्थ मन्त्रालय एवं प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन सहितको टोलीले उक्त टोलीलाई बुधबार पोखरामा स्वागत सत्कार गरेको थियो। बुद्ध एयरले पोखरा धनगढी सिधा हवाई सेवा संचालन गरेकोले अब दुबै प्रदेशको पर्यटन आदान प्रदान गर्न सहज हुने मन्त्री बरालले विश्वास व्यक्त गरे। गण्डकी प्रदेशले पर्यटनलाई विकासको पहिलो प्रथामिकता दिएको छ। १४ सदस्यीय उक्त टोली शुक्रबार बुद्ध एयरबाटै पुनः धनगढी फर्किने भएको छ।

## स्थानीय तह निर्वाचनका लागि आठ अर्बको सुनिश्चितता

रासस
काठमाडौं, १९ फागुन

आसन्न स्थानीय तह निर्वाचनका लागि आठ अर्ब ११ करोड बजेटको सुनिश्चितता प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगमा आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता शालिग्राम शर्मा पौडेलले अर्थ मन्त्रालयले आयोगलाई स्रोत सुनिश्चितताको पत्र पठाएको जानकारी दिनुभयो।

आयोगले स्थानीय तह निर्वाचनका लागि रु आठ अर्ब ९५ करोड बजेटको व्यवस्था मिलाइदिन आग्रह गरेको थियो। आयोगले माग गरेभन्दा कम बजेटको सुनिश्चिता भए पनि निर्वाचनका लागि आवश्यक रकमको कुनै कमी हुन नदिइने प्रतिबद्धता सरकारकारबाट व्यक्त भएको उहाँले बताउनुभयो। स्थानीय तह निर्वाचन प्रयोजनका लागि दर्ता हुन निवेदन प्राप्त भएका ८० वटा राजनीतिक दलका निवेदनमाथि जाँचबुझ भइरहेको आयोगले जनाएको छ। निर्वाचनमा सहभागी हुने दलहरुको नाम यही फागुन २६ गतेभित्र प्रकाशन गरिने प्रवक्ता पौडेलले जानकारी दिनुभयो। यसैगरी स्थानीय तह निर्वाचनमा खटिने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको नामावली प्राप्त भई अध्ययनको क्रममा रहेको आयोगले जनाएको छ। यही फागुन २६ गतेसम्म मतदाता नामावली अद्यावधिक हुने आयोगले जनाएको छ। मतदाता अद्यावधिक कार्यक्रमअन्तर्गत नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने, झुट्टा विवरण दिई नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, एकभन्दा बढी स्थानमा समावेश भएकामा एक स्थानमा मात्र कायम गर्न निवेदन दिन सकिने आयोगको भनाइ छ। यस्तै मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम नामावलीबाट हटाउनका लागि सूचना दिने, उजुरी परेका मतदातालाई प्रमाणसहितको सफाइको मौका दिनेजस्ता क्रियाकलाप यही फागनु २६ गतेसम्म गर्न सकिने प्रवक्ता पौडेलले जानकारी दिनुभयो।

## पर्यटक पथप्रदर्शकलाई स्थलगत सीप विकास तालिम

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन

पोखरालाई केन्द्र बनाएर पदयात्रा, पर्वतारोहणलगायतमा क्रियाशील पर्यटक पथप्रदर्शकलाई लक्ष्य गरी स्थलगत सीप विषयक आठदिने तालिम दिइएको छ।

नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेश समितिको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धनात्मक सहयोग, काठमाडौँ इन्भाइरोमेण्टल एजुकेशन प्रोजेक्ट (किप) नेपालको साझेदारी, उद्योग पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेशको सहयोगमा सञ्चालित तालिम पदयात्रा र पर्वतीय पर्यटनमा लागेका पथप्रदर्शकको दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ आयोजना गरिएको हो।

तालिममा २७ जना पर्यटक पथप्रदर्शकको सहभागिता रहेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो। यस किसिमको तालिम पोखरामा पहिलोपटक भएको दाबी गर्दै उहाँले यस क्रममा पर्वतीय पर्यटनमा अत्यावश्यक नक्सा अध्ययन, कठिन परिस्थितिमा दिशा पत्ता लगाउने कला, प्राथमिक उपचार, तारा अध्ययन, कथावाचनलगायतमा तालिम दिइएको बताउनुभयो। तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले कोरोना प्रभावित पर्यटनको पुनर्उत्थान अहिलेको आवश्यकता भएको बताउनुभयो।

पर्यटन क्षेत्र अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको बताउँदै उहाँले पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डमा आएको बजेट फ्रिज हुन नदिई क्रियाशील पर्यटनसम्बद्ध संस्थाका प्रवर्द्धनात्मक गतिविधिलाई बढाउनुपर्नेमा जोड दिनुभयो। केन्द्रमा मन्त्रालय तथा बोर्डबीचको बेमेललगायतका कारण पर्यटकीय गतिविधि प्रभावित हुन नहुने उहाँले बताउनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले तालिमले पर्यटन क्षेत्रमा लाग्ने पथप्रदर्शकको दक्षता अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको सहकार्यमा बोर्डले प्रवर्द्धनात्मक गतिवधि बढाइरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका पूर्वअध्यक्ष जीवन सापकोटा, सचिव सुदीप गौतम, किप नेपालका प्रमुख कार्यकारी अधिकृत इयान वाल, प्रशिक्षार्थीद्वय मनु गुरुङ र सुरज गुरुङ, किप नेपालका अध्यक्ष देवीप्रसाद पन्तलगायतले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न सके मात्र तालिमको सार्थकता हुनेमा जोड दिनुभयो।

## प्रेस युनियन कास्कीको आधारभूत पत्रकारिता तालिम

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन




नेपाल प्रेस युनियन कास्कीको आयोजनामा आधारभूत पत्रकारिता तालिम सुरु भएको छ। तीन दिनसम्म चल्ने तालिममा विभिन्न संचारमाध्यममा कार्यरतसहित करिब ५५ जना प्रशिक्षार्थी सहभागी छन्।

तालिमको उद्घाटन गर्दै नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले लोकतन्त्रको रक्षाको लागि संचारजगतको भूमिका महत्वपूर्ण रहेको बताए। पत्रकारकै कारण देशमा विभिन्न किसिमका आन्दोलन सफल भएको चर्चा गर्दै उनले पत्रकारिता मिसनको लागि नभई लोकतन्त्रको रक्षाका लागि हुनुपर्ने सुझाव दिए। गण्डकी प्रदेशका आन्तरिक मामिला मन्त्री दोबाटे विश्वकर्माले प्रदेश सरकारले पत्रकारमैत्री कानुनमैत्री ल्याउने आश्वासन दिए। उनले संसदमा रहेको मिडिया विधेयक पत्रकारको रायसुझाव अनुसार नै आवश्यक संशोधनसहित पारित गर्ने बताए।

नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेलले पत्रकारिता सधै प्रयोगशाला हो भन्दै पत्रकारितामा वरिष्ठ होस् वा कनिष्ठ सबै उत्तिकै अध्ययनशील हुनुपर्ने बताए। नेपाल प्रेस युनियनका पूर्व केन्द्रीय उपाध्यक्ष गंगाधर पराजुलीले समयअनुसार चल्न नसक्ने पत्रकार पछि पर्ने बताए। नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिमिल्सिना पगेनीले पत्रकारको लागि ल्याइएको पेन्सन सुविधा तथा पत्रकारको २५ प्रतिशत तलब सुविधा वृद्धिमा पत्रकार महासंघको लामो समयदेखि पहल रहेको स्मरण गराइन्। पत्रकार महासंघ गण्डकी प्रदेश अध्यक्ष नारायण शर्माले पत्रकारितामा लोकप्रिय हुने वा नहुने भन्ने विषय स्वयं पत्रकारकै भर पर्ने बताए। पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले मिसन पत्रकारिताभन्दा व्यावसायिक पत्रकारितामा जोड दिनुपर्ने बताइन्। युनियन कास्की अध्यक्ष नवीन सिग्देलको अध्यक्षतामा भएको तालिम उद्घाटन समारोहमा युनियनका केन्द्रीय सदस्य टंकराज अधिकारी, युनियन कास्की सल्लाहकार तारा पाखे, डा. बलराम उपाध्याय रेग्मी, नेपाल ट्रेड युनियन काँग्रेस कास्कीका अध्यक्ष विजयराज भण्डारी, युनियन कास्की उपाध्यक्ष प्रकाशचन्द्र सापकोटा, सचिव प्रदीप पौडेल लगायतले पत्रकारको हकहितको पक्षमा बोलेका थिए। तालिमका प्रमुख प्रशिक्षकमा सन्तोष पोखरेल हुन् भने प्रशिक्षकहरु रमेश पौडेल, गंगाधर पराजुली, रवीन्द्र बास्तोला, सरिता तिमिल्सिना पगेनी, नारायण शर्मा, विमला भण्डारी, राजबहादुर गुरुङ, बासु मिश्र, भानु पराजुली, बासुदेव पौडेल लगायत छन्। तालिममा पत्रकारिताको सिद्धान्त, फिचर लेखन शैली, बोल्नेशैली, पत्रकारिताको आचारसंहिता, भाषाशैली, पत्रकारितामा भाषा, पत्रकारको विगत, वर्तमानको अवस्था, अग्रज पत्रकारको अनुभव लगायत विषय रहेका छन्। यसैबीच, समारोहमा आन्तरिक मामिला मन्त्री दोवाटे विश्वकर्मालाई सफल कार्यकालको शुभकामनासहित बधाई ज्ञापन गरिएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सेती दोभानको अलपत्र पुल ३ महिनामै बन्ने

**प्रकाश डोटेल**
**स्याङ्जा, १९ फागुन**

विगत ८ वर्षदेखि अलपत्रै अवस्थामा रहेको स्याङ्जाको सेतीदोभानमा निर्माणाधिन पक्कीपुल आउँदो ३ महिना भित्र बनाउने सहमति भएको छ। सरोकारवाला पक्षबीच भएको द्धिपक्षिय सहमति अनुसारनिर्माण व्यवसायीले ३ महिनमा सक्ने गरी पुल निर्माणको कार्य सुरु गरेको छ।

आँधीखोला गाउँपालिकाको सेतीदोभानर फापरथुम जोड्ने गरी निर्माणाधिन मोटरेबल पुल बन्न नसकेपछि स्थानीयको गुनासो बढेपछि प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले पुल निर्माणमा चासो बढाएका थिए । अलपत्र अवस्थामा रहेको पुलको निर्माण कार्यका लागि ठेकेदार कम्पनी र सडक डिभिजनले स्याङ्जा प्रशासनमा सरोकारवालाबीच ३ महिनाभित्रमा पुलको निर्माण कार्य सम्पन्न गर्ने लिखित सहमति भएको छ । सम्बन्धित निर्माण ब्यवसायी, सडक डिभिजन कार्यालय पोखरा, स्थानीय सरोकारवाला बीच पटकपटक छलफल गराएपछि निर्माण कार्य अघि बढाउन आवश्यक पर्ने कार्ययोजना प्रजिअ पौडेलले तयार पारेका थिए। कार्ययोजना अनुसार पुलनिर्माणका लागि



प्रक्रिया अगाडी बढेको छ।

“चालु आर्थिक वर्षमै सम्पन्न गर्नेगरी सरोकारवाला सबैलाई काम अगाडी बढाउन भनिएको छ, आशा छ, चालुवषर्मा पुलनिर्माण सम्पन्न हुनेछ ।” प्रजिअ पौडेलले भने, “०७१ असोजमा सुरु गरिएको मोटरेबलपुल ०७३ असोजमा सक्नुपर्ने थियो ।” तर, निर्माण सुरु भएको ५/६ महिनापछि रोकिएको पुल सम्झौताअनुरुप ५ वर्षअघि हस्तान्तरण गर्नुपर्ने थियो। निर्माण व्यवसायी र सडक डिभिजनको लापरवाहीका कारण पुलनिर्माण हुन नसकेको बताउँछन् गाउँपालिकाका स्थानीय । पुल निर्माणमा दुबै पक्षका कमीकमजोरी छन् । दुबैले कमजोरी सुधार गर्दै अघि बढ्न स्थानीयले आग्रह गरेका छन् । अलपत्र परेको पुलकाकारण स्थानीयले धेरै दुःखभोग्दै आएका छन् । पटकपटक गरी सम्झौता र सहमति बने पनि पुल बन्न नसक्दा स्थानीय नागरिक हैरानी भोग्न बाध्य छन् । उता राज्यको लाखौं रकम नष्ट भएको छ। त्यसो त, निर्माण व्यवासायी ऋषिराम गौतमले पनि सडक डिभिजनलेआफूहरुलाई कुनै किसिमको डिजाइन नदिने तर बनेपछि भत्काउने काम गरेकाले पुलनिर्माणमा कठिनाइ भएको सुनाए। “विगत लामो समयदेखि पुलअलपत्र बन्यो भन्दै स्थानीयको गुनासो आएकाथिए, गुनासो आउना साथ बनाउन थाले पनि सडक डिभिजनले फेरि भत्काउन थाल्छ।” उनले भने, “पटकपटक पुल भत्काउँदा निर्माण कम्पनीको लाखौं रुपैयाँको नोक्सान भएको छ।” सडक डिभिजन कार्यालय पोखराका डिभिजनल इन्जिनियर पारशमणी हमालले ३ महिनाभित्र निर्माण सम्पन्न गर्न आग्रह गरे । पुलनिर्माण गर्नका लागि आवश्यक पर्ने कामदार लगायत थप गर्नुपर्ने काम कार्यालयले सहयोग गर्ने हमालले बताए।

उक्त पुल निर्माणको जिम्मा कान्छाराम-आशीष जेबीले पाएको थियो । चालिस मिटर लम्बाई र ७ मिटर चौडाईको सो पुल ३ करोड २७ लाखको लागतमा २ वर्षमा निर्माण सम्पन्न गर्नेगरी तत्कालिन समयमा सम्झौता भएको थियो। निर्माण कम्पनीका लाखौं मूल्य बराबरका सामग्री नष्ट भएको देखिन्छ भनेपुल वरपर रहेका फलाम, ब्लक, रड, सिमेन्ट, मिस्चर मेसिन, जेनेरेर, काठ तथा फलामे सटिङ्का सामग्री यत्रतत्र रहेका छन् । आँधीखोलामा निर्माणाधीन पुलले सडक मार्फत सेतीदोभान बजारसँग जोडेको छ । पुल अलपत्र अवस्थामा हुँदा जावत आवतमा मात्रै समस्या नभएरखाद्यान्नलगायत अत्यावश्यक वस्तुको ढुवानीमा समेत कठिनाइ भएको स्थानीय जयराम पौडेलले जानकारी दिए।

समयमै पुलनिर्माण भएमा नेपालकै पहिलो ग्रामिण पर्यटकीय स्थल सिरुवारी पुग्ने छोटो र सजिलो मार्ग तयार हुन्छ । यहाँबाट जिल्लाका दरौ, पञ्चमूल, आरूचौर, चिलाउनेवास, विचारीचौतारा, फापरथुम र छिमेकी जिल्ला पर्वतका एक दर्जन वडाका बासिन्दा समेत प्रत्यक्ष लाभान्वित हुनेछन्।

# बालश्रम न्यूनीकरणमा पोउवा संघको अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**

भर्ना अभियान सुरु हुनैलाग्दा पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको बालश्रम न्यूनीकरण कार्यक्रमले पोखरामा रहेका विभिन्न सरकारी विद्यालयका प्राचार्य तथा सहप्राचार्यसँग छलफल गरेको छ।

किडासा नामक गैरसरकारी संस्थासँगको सहकार्यमा भएको छलफल शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयसम्म ल्याउने र उनीहरुको पढाइ निरन्तर गर्ने विषयमा केन्द्रीत थियो । सो अवसरमा बोल्दै पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले बालश्रम न्यूनीकरणको लागि सामूहिक अभियान जरुरी रहेको बताए। श्रम क्षेत्रमा रहेका बालबालिकाहरुलाई विद्यालयको शिक्षासँगै प्राविधिक तथा जीवनपयोगी शिक्षासमेत दिन सकिए उनीहरु आत्मनिर्भर हुने उनको धारणा थियो । संघअन्तर्गतको बालश्रम न्यूनीकरण कार्यक्रले श्रमिक परिवार तथा बालबालिकाको शिक्षाको लागि गरेका गतिविधिहरुले सकारात्मक परिणाम दिएको बताउँदै उनले जीवनपयोगी तालिम दिन संघ तयार रहेको जानकारी दिए।

पोखरा महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले अभिभावकको चेतनास्तर कम हुँदा विद्यालय नपठाउने र बालबालिकाहरुले पढाइ छाड्ने समस्या देदिएको बताए । उनले विभिन्न संघ/संस्थाले आफू अनुकूल तथ्याङ्कहरु तयार पार्ने गरेको आरोप लगाउँदै विद्यालयले राखेको तथ्याङ्कलाई आधार मानेर महानगरले काम गरिरहेको बताए । किडासाका प्रमुख रमेश बास्तोलाले कोभिडकालीनसमयमा सीमान्तकृत बालबालिकाले भोग्नुपरेको समस्याको चर्चा गर्दै सो समयमा स्कूल छाडेका बालबालिकाहरुलाई पुनः विद्यालय फर्काउनुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागी विद्यालयका प्राचार्य तथा सहप्राचार्यहरुले घरेलु श्रमिकहरुले बिहान बेलुका घरकै काम गर्नुपर्ने र विद्यालय समयको पढाइले मात्रै उनीहरुको शैक्षिक स्तर उक्सने अनुभव सुनाए। श्रमिक परिवारबाट विद्यालय आउने बालबालिकाहरुमा मानशिक तथा पारिवारिक समस्या हुने गरेको र कतिपयको अभिभावक नै को हो भन्नेसम्म थाहा नहुने गरेको पनि उनीहरुले सुनाएका थिए।

बालबालिकाहरुलाई नियमित विद्यालय आउने वातावरण बनाउने घर सुधार्नुपर्ने उनीहरुको सुझाव थियो । पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको बालश्रम न्यूनीकरण कार्यक्रमकी कार्यक्रम संयोजक प्रिति पाण्डेका अनुसार अघिल्लो वर्ष श्रमिकहरुको बाक्लो बस्ती रहेको १२ ठाउँमा गरिएको अध्ययन अनुसार ८०९ जना बालबालिका विद्यालय जाने उमेरका थिए। न्यून आय भएको परिवारका ती बालबालिकामध्ये ७८६ जना सरकारी र १३ जना निजी स्कूलमा भर्ना भएकोमा ९७ जना विद्यालय नै नगएको पाइएको थियो। ‘दयनीय आर्थिक अवस्था, अभिभावकहरुमा चेतनाको कमी हुनुजस्ता समस्या देखिएका छन्’,उनले भनिन्,‘ तीमध्ये अधिकांशमा त पढाइप्रति कुनै रुचि नै छैन।’कोभिडकालीन समयमा त खानाकै अभावले अधिकांश विद्यार्थी विद्यालय नगएको पनि उनले दावी गरिन्।

विद्यालय जाने उमेर समूहमध्ये ४५ प्रतिशत अभिभावकको आम्दानीको स्रोत दैनिक ज्याला मजदुरी रहेको र काम नपाउँदा उनीहरु भोकै परेको तथ्य पनि उनले प्रस्तुत गरिन् । श्रमिक परिवारका बालबालिकालाई नियमित विद्यालय जाने वातावरण बनाउन तथा उनीहरुमा पढाइप्रति लगाव बढाउन विभिन्न कार्यक्रम संचालन गरिएको पनि उनको भनाइ थियो । विद्यालय भर्ना अभियान सुरु हुनैलाग्दा श्रममा आश्रित परिवारमा रहेका तथा घरेलु बालश्रमिक लक्षित भर्ना अभियान संचालन गर्नुपर्नेमा उनको जोड छ।

# बेसिक फोटोग्राफी तथा एडभान्स फोटोग्राफी तालिम शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**

पोखरा फोटोग्राफर संघले फोटोग्राफी तालिम शुरु गरेको छ। तीनदिन सम्म सञ्चालन हुने सो तालिम कार्यक्रममा पहिलो दिन आधारभूत फोटोग्राफी तालिम तथा बाकी दुइ दिन एडभान्स फोटो ग्राफीतालिम सञ्चालन भैरहको छ।

पोखरा क्षेत्रमाफोटो ब्यावसाय गरिरहेका र सो ब्यावसाय गर्न इच्छुकहरुको निम्ती फोटोग्राफीसिपको अभिबृद्धी गर्न शुरु भएको तालिममा प्राय महिलाहरुको सहभागिता रहेको छ।

पेशागत सिपबृद्धीलाई नयाँ आधुनिक प्रबिधिसँग परिचय गराउन र सो प्रबिधि मार्फत आफ्नो पेशालाई समायानुकुल परिमार्जन गर्न सहयोग मिल्ने अपेक्षा राखिएको छ।




बिहीबार भएको पहिलो दिनको बेसिक फोटो ग्राफी तालिममा घनश्याम पौडेल र दुर्गा प्रसाद पौडेलले प्रशिक्षण दिनुभएको छ।

कार्यक्रम सञ्चालन पोखरा फोटोग्राफर संघका सचिव बिसुराज बरालले गर्नुभएको थियो भनेअध्यक्ष जनकराज तिवारीको अध्यक्षतामा भएको सो कार्यक्रममा पोखरा क्षेत्रका फोटो ग्राफी ब्यावसाय गर्ने अधिकांस ब्यावसायीको उपस्थिती थियो। कार्यक्रमका संयोजक देवानन्द पोखेलका अनुसार फाल्गुण २० र २१ को एडभान्स लेवलको तालिमका लागि फोटोग्राफीमा लाईटरुम, फोटोसप सम्बन्धी बृहत जानाकारी दिनका लागि काठमाडौंबाट सो विषयका विज्ञ सुशान्त अधिकारीलाई आमन्त्रित गरीएको छ। कार्यक्रम मा फोटोग्राफर संघ गण्डकी प्रदेश सहयोगीका रुपमा रहेको छ।

# कृषकलाई ३५ हजार माछाका भुरा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १९ फागुन**

मत्स्य विकास केन्द्र मिर्मीले स्याङ्जाका दुई पालिकाका कृषकलाई ३५ हजार माछाका भुरा वितरण गरेको छ।

स्याङ्जाको वालिङ र पुतलीबजार नगरपालिकाका कृषकलाई ३५ हजार माछाका भुरा वितरण गरिएको हो।

कृषकको मागलाई आधार बनाएर माछाका भुरा वितरण गरिएको केन्द्रका प्रमुख रविनसन अधिकारीले जानकारी दिए । गण्डकी प्रदेशका ११ वटै जिल्ला कार्यक्षेत्र रहेको सो केन्द्रले पहिलो चरणमा स्याङ्जाकापालिकालाई भुरा वितरण गरेको हो।

केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत भुरा उपलब्ध गराएको अधिकारीले बताए। वालिङ नगरपालिकामा रहेका १९ माछापालक फार्मका कृषकलाई १६ हजार माछाका



भुरा वितरण गरिएको पशु शाखा वालिङका प्रमुख डा वसन्त अधिकारीले जानकारी दिए । पोखरीको क्षमता हेरेर विभिन्न जातका माछाका भुरा उपलब्ध गराईएको छ । व्यावसायिक उत्पादनमा जोड दिँदै माछामा आत्मनिर्भर बनाउने अभियानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

केन्द्रले सिल्भर कार्प, बिग हेड कार्प, रोहु, नैनीजातका माछाका भुरा वितरण गरेको छ। पछिल्लो समयमा स्थानीय कृषकहरु व्यवसायिक रुपमा अगाडि बढेको वालिङ नगर उपप्रमुख कल्पना तिवारीले बताईन्।माछापालनतर्फ कृषकको आकर्षण बढ्दै गएको छ र वालिङमा आवश्यक पर्ने माछा स्थानीय स्तरमै उत्पादन गर्न सकिने उनले विश्वास गरिन । व्यवसायिक उत्पादनका लागि नगरपालिकाले स्थानीय कृषकलाई अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ । उत्पादित वस्तुको बजारीकरणका लागि पनि आवश्यक सहयोग गर्दै आएको नगरपालिकाले जनाएको छ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो, पेट्रोलको मूल्य प्रतिलिटर १५०

**रासस**
**काठमाडौं, १९ फागुन**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ।

निगम सञ्चालक समितिको बैठकले बिहीबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्यमा प्रतिलिटर रु पाँचले वृद्धि गरेको हो । मूल्य बढेसँगै काठमाडौं उपत्यकामा पेट्रोलको बिक्री मूल्य प्रतिलिटर रु १५०, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रु १३३ पुगेको छ। यस्तै निगमले आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर रु १० र अन्तर्राष्ट्रियतर्फ हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर १०० अमेरिकी डलर वृद्धि गरेको छ । निगमले एलपी ग्यासको मूल्य भने यथावत राखेको छ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# समृद्धिका सारथी रबीन्द्रको स्मरण

कास्कीका जनताले निर्वाचित प्रतिनिधि, नेकपा एमालेका युवा नेता रबीन्द्र अधिकारीलाई गुमाएको तीन वर्ष पुगेको छ । २०७५ फागुन १५ गते एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हुँदा मन्त्री अधिकारीसहित हेलिकप्टरमा सवार ७ जनाको मृत्यू भएको थियो । नयाँ विमानस्थल निर्माणको काममा लागेको बेला हेलिकप्टर दुर्घटनामा परेर विकासप्रेमी नेताको निघन भएको अवधि छोटो जस्तो देखिए पनि उनले गरेको कामले धेरैलाई स्मरण गराईरहेको छ । पर्यटनमन्त्री अधिकारीका साथ उनका अंगरक्षक अर्जुन घिमिरे, प्रधानमन्त्रीका स्वकीय सचिव युवराज दाहाल, यति एयरका मालिक आङछिरिङ शेर्पा, नागरिक उड्यन प्राधिकरणमा उपमहानिर्देशक बिरेन्द्रकुमार श्रेष्ठ, प्राधिकरणकै निर्देशक ध्रुव दास, र चालक प्रभाकर श्रेष्ठ रहेका थिए ।

ताप्लेजुङको फुङलिङ नगरपालिका- १० सिस्ने भन्ने ठाउँमा हेलिकप्टर दुर्घटना भएको थियो । छानबिन समितिले दुर्घटनाको कारण चालक र अन्य यात्रुलाई औल्याएको छ । देशको समृद्धिको नारा बोकेको प्रधानमन्त्रीले भरोसा गरेको सारथि गुमाउनु पीडा देशले भोगेको छ । देशकै चर्चित पृथ्वीनारायण क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सभापति बनेर नेतृत्वको क्षमता देखाएका कारण २०५३ सालमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस किर्तिपुरमा स्ववियु सभापतिमा निर्वाचित भएका थिए । २०५६ सालमा अनेरास्ववियुका केन्द्रीय अध्यक्ष भएका अधिकारी कै पालामा बिद्यार्थीले सार्वजनिक यातायातमा ४५ प्रतिशत छुट, साहाज्यादा पारस बिरुद्ध हस्ताक्षर संकलन, कालापानी मार्च गरेर लोकप्रिय काम गरेका थिए । उनले गरेको काम कै कारण धेरैले आसु बगाएर उपनिर्वाचनमा त्यति नै मतान्तरमा श्रीमती बिद्या भट्टराईलाई जिताएर पठाए । केहिले मन्त्री बनेदेखि नै खेद्ने र समृद्धिको अभियानलाई रोकन गरेको यावत प्रयत्न जनताले असफल पारिदिए । प्रतिनिधी सभामा बिद्यालाई जिताएर रबीन्द्रलाई लगाएका आरोप जनताले खारेज गरिदिएका छन । उनको योजना कार्यान्वयन गर्न विद्यालाई जिताएका हुन । ०६२/६३ को अन्दोलन र त्यस अगाडिको प्रतिगमन बिरुद्दको आन्दोलनमा पटक-पटक गरी पांच महिना जेल बसेका उनी पार्टीको राष्ट्रिय परिषद् सदस्य, हुदै केन्द्रीय सदस्य बनेर नेतृत्वमा छाएका थिए ।

२०६४ देखि २०७० सालसम्म निरन्तर संविधानसभा सदस्यमा प्रत्यक्षतर्फ कास्की क्षेत्र नं ३ बाट निर्वाचित भएपछि संसदमा सक्रिय भूमिका निर्वाह गरेका थिए । सार्वजनिक लेखा र विकास समितिको सभापति रहेर खेलेको भूमिकाकै कारण उनलाई राष्ट्रिय राजनीतिको केन्द्र भागमा ल्याएको हो । २०७४ सालको संघीय संसदमा कास्की क्षेत्र नं २ बाट निर्वाचित भएपछि अधिकारी, नेपाल सरकारको संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री बनेर कास्की र गण्डकी प्रदेशले कहिल्यै नर्बिसने छाप छोडेका छन् । उनको योगदानलाई चिरस्थायी बनाउन रबिन्द्र अधिकारी स्मृति प्रतिष्ठान गठन भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको प्रतिष्ठानले रचनात्मक काम गर्नुपर्ने मार्गचित्र ल्याएको छ । रबीन्द्रले सधै विकास र समृद्धिमा जोड दिए । त्यसैमा दत्तचित्त भएर लागे कसै प्रति आग्रह पूर्वाग्रह राखेनन् । दाउपेचको राजनीति गरेनन् ।

सरकारमा रहेको बेला पनि दाउपेचको राजनीति र अस्थीरता निम्त्याउने काम गर्नेहरु रबीन्द्रका विरुद्ध कसरी लागेका रहेछन् भन्ने खुल्दै गएको छ । रबीन्द्रले षड्यन्त्रको जालो तोड्दै जनतासंग घुलमिल हुने, सबैसंग नम्रता देखाउने, विकास निमार्णकका काममा लगनशिलता र पार्टी प्रति प्रतिबद्ध रहे।नेतृत्वलाई अपदस्त गर्न खोज्ने प्रवृत्तिको सधैं प्रतिवाद गरे । रवीन्द्र स्मृति प्रतिष्ठान षड्यन्त्र, तिगडम र अनैतिक कार्यका विरुद्ध विकास समृद्धि र स्थिरताका पक्षमा पैरवी गर्नुपर्दछ । नेकपालाई विभाजित गरेर राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाउने, विदेशी प्रभाव बढाउने प्रवृत्ति र पात्रका विरोधमा नेपाली जनतालाई सचेत पार्ने काम भएमा रवीन्द्रले राखेको सोच र हिडेको बाटो पक्ष्याउनु अहिलेका लागि उपयुक्त हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चार करोडको सुन्तला निकासी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ फागुन**

बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कबाट रु चार करोडको सुन्तला निकासी भएको छ ।

पुरै गाउँबाट दुई लाख ८६ हजार किलोग्राम सुन्तला निकासी भएको बाँसखर्कका कृषक आबद्ध बजारमारे सुन्तला कृषि सहकारी संस्थाले जनाएको छ । संस्थाका अध्यक्ष जगतबहादुर खत्रीले यसपाली प्रतिकिलो रु १४० का दरले रु चार करोड मूल्य बराबरको सुन्तला निकासी भएको जानकारी दिनुभयो । “गत वर्षकोभन्दा २० देखि २५ प्रतिशतले उत्पादन बढ्यो”, उहाँले भन्नुभयो, “भाउ पनि राम्रो पाइयो ।” उहाँका अनुसार बाँसखर्कमा बसोबास गर्ने २६१ मध्ये २०० घरले २५ हजार बोट सुन्तलाखेती गरेका छन् । सडक सुविधासँगै सुन्तलाले सहजरुपमा बजार र उचित मूल्य पाउन थालेपछि सुन्तलाखेती विस्तारमा लागेका हुन् । एक कृषकले वर्षमा रु १५ लाखसम्मको सुन्तला बेचेर आम्दानी गर्छन् । मकै, कोदो खेती हुने पाखोबारी र खरबारीमा सुन्तलाखेती गरेका छन् । कृषक रुद्रबहादुर खत्रीले यसपाली रु आठ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेको बताउनुभयो । “फल र गुणस्तर राम्रो भएकाले विदेशको विकल्पमा यही सुन्तलाखेती गरेको छु”, उहाँले भन्नुभयो, “अनुकूल हावापानी, भूगोल, राम्रो उत्पादन र मूल्यका कारण बाँसखर्कमा सुन्तलाखेती फस्टाएको छ ।” बेनी, कुश्मा, बागलुङ, पोखरा, काठमाडौँ, चितवन, जनकपुर, वीरगञ्जलगायत सहरबाट बगैँचामा आएका व्यापारीले अग्रिम पैसा दिएर सुन्तला खरिद गरेका कृषक ख्यामबहादुर खत्रीले बताउनुभयो । देशका अन्य ठाउँको सुन्तला बिक्री भइसकेपछि माघदेखि बाँसखर्कका सुन्तला बजार पठाउन थालिएको थियो । बगैँचा ब्यवस्थापन र झरेका दानाको सुरक्षित ब्यवस्थापन गरेकाले यसपाली सुन्तलाको उत्पादन बढेको कृषक शिवबहादुर खत्रीले बताउनुभयो । “हाँगा काटछाट, मलजल गरेकाले यसपाली उत्पादन बढेको हो”, उहाँले भन्नुभयो, “किराले झरेका सुन्तलाको दानालाई प्लास्टिकको बोरामा हालेर सुरक्षित व्यवस्थापन गरेकाले यसपाली यो समस्या पनि कम भयो ।” बाँसका घारी मात्रै हुने भएकोले ‘बाँसखर्क’ नामकरण भएको यो गाउँभर हाल सुन्तलाको जङ्गल नै भएको छ । पछिल्ला दुई दशकयता यहाँका किसानले अपनाएको व्यवसायीकरण, सुन्तलामा लाग्ने रोग, किराको निदान, उन्नत जातका बिरुवाको विस्तारलगायतका कारणले सुन्तला उत्पादन बर्सेनी बढ्दै गएको छ । यहाँबाट विस्थापित पनि सुन्तलाको आम्दानीका कारण गाउँमै फर्किन थालेका हुन् । सिँचाइ बाँसखर्कको सुन्तलाखेतीका लागि प्रमुख आवश्यकता देखिएको छ । बाँसखर्क प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला जोनमा समेटिएको छ । तर जोनबाट पकेटको जस्तो पनि सुविधा नपाएको कृषकले गुनासो गरेका छन् ।

# १०५ जनामा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, १९ फागुन**

पछिल्लो २४ घण्टामा थप १०५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा दुई हजार ४४८ जनाको पिसीआर परीक्षण गर्दा ७० जना र दुई हजार ४७६ जनाको एन्टिजेन परीक्षण गर्दा ३५ गरी सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

काठमाडौँमा १८, भक्तपुरमा दुई र ललितपुरमा पाँच गरी काठमाडौँ उपत्यकामा २५ कोभिड सङ्क्रमित थपिएका छन् । योसँगै काठमाडौँ उपत्यकामा सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार २९० पुगेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार ३२० कोरोना सङ्क्रमणमुक्त भएका छन । त्यसैगरी हाल सात हजार ५१७ सक्रिय सङ्क्रमित रहेका छन् । तीमध्ये सात हजार ३४९ होम आइसोलेशनमा रहेका छन् भने १६८ जना संस्थागत आइसोलेशनमा रहेका छन् ।

कोरोनाका बिरामीमध्ये ६१ आइसीयु र नौ जना भेन्टिलेटरमा उपचाररत् छन् । हालसम्म नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ११ लाख १६ हजार ७६१ रहेको छ । नौ लाख ५७ हजार ८०८ सङ्क्रमणमुक्त भएका छन् । पछिल्लो २४ घण्टामा तीनको मृत्यु भएसँगै नेपालमा मृत्यु हुनेको सङ्ख्या ११ हजार ९४३ पुगेको छ ।

# रुसको आक्रमणपछि १० लाख शरणार्थीले युक्रेन छोडे

**रासस**
**काठमाडौं, १९ फागुन**

युक्रेनमा रुसको सैन्य कारबाही शुरु भएदेखि सात दिनमा करिब १० लाख शरणार्थीले युक्रेन छोडेको संयुक्त राष्ट्र शरणार्थी एजेन्सी (ग्ल्ज्ञ्च)ले बिहीबार जनाएको छ ।

आफ्नो ट्विटर ह्यान्डलमा ग्ल्ज्ञ्च उच्चायुक्त फिलिपो ग्रान्डीले लेखेका छन् केवल सात दिनमा हामीले युक्रेनबाट छिमेकी देशमा १० लाख शरणार्थी पलायन भएको देख्यौँ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको डोनबास क्षेत्रमा सैन्य कारबाही गर्न आदेश दिएको आठ दिन बितिसकेको छ । उनले युक्रेनका टुक्रिएका क्षेत्र - डोनेट्स्क र लुहान्स्कको स्वतन्त्रतालाई मान्यता दिएपछि तनाब युद्धमा परिणत भएको छ । यसैबीच, संयुक्त राष्ट्र सङ्घको महासभामा बुधबार भएको मतदानमा १४१ राष्ट्रले युक्रेनमा रुसको आक्रमणको निन्दा गरेका छन् भने पाँच राष्ट्रले समर्थन गरेका छन् ।

# पर्वतमा प्रभावकारी बन्दै टेलिमेडिसिन सेवा

**पोखरापत्र संवाददाता**
**पर्वत, १९ फागुन**

पछिल्लो समय यहाँको विकट गाउँमा टेलिमेडिसिन सेवा प्रभावकारी बन्दै गएको छ ।

पर्वतको फलेवास नगरपालिका-८ ठानामौलामा चार भञ्याङ सेवा केन्द्रले सञ्चालनमा ल्याएको टेलिमेडिसिन सेवा प्रभावकारी बन्दै गएको हो । वर्षौंदेखि जनशक्तिको अभावमा स्वास्थ्य सेवा लिनबाट वञ्चित रहेका दुर्गमका नागरिकलाई लक्षित गरी वैकल्पिक माध्यमबाट दिइने चिकित्सकीय सेवा (टेलिमेडिसियन) सुरु गरेपछि उनीहरुले सर्वसुलभ रुपमा स्वास्थ्य उपचार पाएका हुन् । ग्रामीण क्षेत्रमा इन्टरनेटको माध्यमबाट नेपालका काठमाडौँ, पोखरा तथा बेलायतमा रहेका विदेशी विशेषज्ञ चिकित्सकले स्वस्थ्य सेवा दिन थालेपछि यहाँका नागरिक खुसी भएका छन् । अहिले उक्त सेन्टरमा बिरामीको भीड लाग्न थालेको छ । हाल स्वास्थ्य केन्द्रबाट क्षारे, मानसिक समस्या, पिसाब, छालारोग र नशाका जटिल समस्याभएका बिरामीले स्वदेशी तथा विदेशी विशेषज्ञबाट स्वास्थ्य सेवा लिइरहेको चारभञ्ज्याङ स्वास्थ्य केन्द्रका प्रमुख रोशन गुरुङले जानकारी दिनुभयो । केन्द्रले इन्टरनेटको माध्यमबाट स्काइपमार्फत बिरामीका समस्या डाक्टरसँग राख्ने र ती डाक्टरको सल्लाहमा औषधि उपचार हुने गरेको हो । विगत २०६८ सालमा स्थापना भएको यो केन्द्रबाट हालसम्म करिब २३ हजार बिरामीको उपचार गरिएको छ । यहाँबाट २०० भन्दा धेरै बिरामीलाई सम्बन्धित विशेषज्ञ चिकित्सकलाई बाहिर पठाई उपचार गरिएको छ । यो संस्थामा विश्वका करिब ७०० भन्दा बढी चिकित्सकबाट सेवा प्रवाह भइरहेको गुरुङले जानकारी दिनुभयो । केहीले नियमित औषधि सेवन गरिरहेका छन् । लामो समयदेखि नशाको समस्याले हिँडडुल गर्नसमेत समस्यामा रहेका फलेवास नगरपालिका-८ का ३८ वर्षीय अर्जुन कुँवरले यही केन्द्रबाट उपचार सेवा लिएर हाल निको भएको बताउनुभयो । उहाँले भन्नुभयो, “मेरो नशाको समस्याले गर्दा हिँडडुल गर्न नसक्ने अवस्था थियो, केन्द्रमा आएर विशेषज्ञ चिकित्सकको सुझावका आधारमा नियमित उपचार गरेँ, अहिले निको भएर सहज रुपमा हिँडडुल गर्न पाएको छु ।” उहाँले हाल विदेशी चिकित्सकको सल्लाहमा घाँटीको नशाको शल्यक्रिया गरेपछि आफ्नो समस्या समाधान भएको बताउनुभयो । उहाँजस्तै दर्जनौं बिरामी यहाँ आएर निको भएको सो केन्द्रले जनाएको छ ।

यहाँ आउने बिरामीलाई भर्ना गरेर उपचार गर्नुपर्ने अवस्थामा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरासँग समन्वय गरी त्यहाँ पठाउने गरेको र सामान्य बिरामीलाई यहीँबाट उपचार सेवा प्रदान गर्ने गरिएको केन्द्रले जनाएको छ । चार भञ्ज्याङ तमु समाज युकेको पहलमा २०६८ सालमा स्थापना भएको चार भञ्ज्याङ स्वास्थ्य केन्द्रले सञ्चालन गर्दै आएको प्राथामिक स्वास्थ्य सेवा र टेलिमेडिसिन सेवामा दैनिक २५ जनाको हराहारीमा सेवा लिन आउने गरेका छन् । टेलिमेडिसिन सेवा प्रभावकारी भएपछि हाल फलेवास नगरपालिका, कुश्मा नगरपालिका, महाशिला गाउँपालिका, विहादी गाउँपालिका र छिमेकी जिल्ला बागलुङ तथा गुल्मीदेखि पनि सेवा लिन बिरामीहरु यहाँ आउने गरेका छन् । यस केन्द्रमा टेलिमेडिसिन सेवाका अलवा हेरक वर्ष विदेशी विशेषज्ञ चिकित्सकको उपस्थितिमा निःशुल्क स्वस्थ्य शिविर पनि आयोजन गर्ने गरिएको छ भने केन्द्रले स्वास्थ्य जनचेतनाका लागि स्वस्थ्य शिक्षा अभियान पनि सञ्चालन गर्दै आएको प्रमुख गुरुङले जानकारी दिनुभयो ।

उक्त संस्थाको स्वस्थ्य सेवालाई थप प्रभावकारी बनाउनका लागि एम्बुलेन्स सेवासमेत सञ्चालन गरिएको केन्द्रले जनाएको छ ।

# सांस्कृतिक सङ्ग्रहालय भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ फागुन**

काठेखोला गाउँपालिका-४ तङ्ग्राम, काफलबोटमा सांस्कृतिक सङ्ग्रहालय भवन निर्माण सुरु गरिएको छ । एक हजार १८२ स्क्वायर फिटमा बन्ने तीनतले भवनको बुधबार राष्ट्रिय भूमि आयोग जिल्ला समिति बागलुङका अध्यक्ष धर्मबहादुर कुँवरले शिलान्यास गर्नुभयो ।

गाउँमैत्री अक्षयकोषले निर्माण गर्न लागेको सङ्ग्रहालय भवनमा रु दुई करोड बढीको लागत अनुमान छ । चालु आवमा गण्डकी प्रदेश सरकारले दिएको रु ५० लाख बजेटबाट तला ढलानसम्म गरिने भएको छ । “भवनको भित्री संरचना र साजसज्जाको काम आउँदो वर्ष गर्ने लक्ष्य छ”, अक्षयकोषका अध्यक्ष हेमराज आश्रमले भन्नुभयो । उहाँका अनुसार सबै पूर्वाधार खडा गरेपछि दुई वर्षभित्रमा सङ्ग्रहालयलाई पूर्णस्वरुपमा सञ्चालनमा ल्याइनेछ । अक्षयकोषले गत साउनदेखि नै सङ्ग्रहालय निर्माणका लागि पूर्वाधार तयारी र लोकवाद्य यन्त्र सङ्कलनको काम थालेको थियो । अक्षयकोषका नाममा यसअघि रहेको जग्गामा थप साढे दुई रोपनी जग्गा जोडेपछि भवन निर्माण अघि बढेको हो । सङ्ग्रहालयमा विश्वभरका देशको प्रतिनिधित्व हुने गरी लोकबाजा सङ्ग्रह गर्ने महत्वकांक्षी लक्ष्य अक्षयकोषले लिएको छ ।

हालसम्म नेपाली र पश्चिमेली गरी २५ किसिमका लोकबाजा सङ्कलन गरिएको छ । अक्षयकोषले सांस्कृतिक सङ्ग्रहालयको योजना ल्याएपछि गत आवमा पनि प्रदेश सरकारले रु दश लाख बजेट उपलब्ध गराएको थियो । उक्त बजेटमध्ये रु पाँच लाख नगरा (दमाहा) र बाँकी अक्षयकोषको कार्यालय भवन बनाउँदा खर्च भएको थियो । दुई सय ८० किलोको उक्त नगरालाई अक्षयकोषले ‘देशकै ठूलो’ भनेर दाबी गर्दै आएको छ । अबदेखि सालैपिच्छे नयाँ वर्षका दिन त्यो नगरा बजाइने भएको छ । निर्माणाधीन सङ्ग्रहालय परिसरमा नेपाली लोकबाजा मादलको प्रतिमा पनि राखिएको छ । भवनले पूर्णता पाएपछि सङ्कलित लोकबाजालाई व्यवस्थितरुपमा सङ्ग्रह गरिनेछ ।

सङ्ग्रहालयले नेपाली कला, संस्कृतिको संरक्षण तथा सम्वर्द्धनमा टेवा थप्ने वाङ्मयसेवी एवं काठेखोलाका कार्यपालिका सदस्य टीका सङ्गम विकले बताउनुभयो । “सङ्ग्रहालयले जिल्लामा पर्यटकीय आकर्षण पनि बढाउँछ”, उहाँले भन्नुभयो, “साथै यो साझा सांस्कृतिक सम्पत्तिका रुपमा रहनेछ ।”

सङ्ग्रहालय निर्माणका लागि अहिले आर्थिक अभियान पनि सञ्चालन भइरहेको छ । देश विदेशबाट स्वतःस्फूर्तरुपमा सहयोग आउने क्रम सुरु भएको अक्षयकोषले जनाएको छ यसअघि आर्थिक स्रोतको जोहो नहुँदा सङ्ग्रहालय बनाउने योजना अन्योलमा परेको थियो । प्रदेश सरकारबाट बजेटको सुनिश्चितता भएपछि काम अघि बढेको हो । विसं २०६६ मा स्थापित अक्षयकोष कला, सङ्गीत र साहित्यको उत्थानमा क्रियाशील छ ।

# फूलबारी–पूवाडाँडा सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**वालिङ, १९ फागुन**

स्याङ्जाको आँधीखोला गाउँपालिका- ३ स्थित फूलबारी-पुवाडाँडा सडक कालोपत्र गरिएको छ ।

गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयसम्म पुग्ने सडक कालोपत्र गर्ने नीतिअनुरुप वडा नं ३ सम्म पुग्ने सडक कालोपत्र गरी सञ्चालनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष सुधीरकुमार पौडेलले जानकारी दिनुभयो । “स्थानीयस्तरमा उत्पादन भएका कृषिजन्य, पुशपक्षीजन्य उत्पादनको बजारीकरणकासाथै मानिसलाई आवातजावतमा पनि सहजता पुग्ने गरी सडक कालोपत्र गरेका हौं” उहाँले भन्नुभयो, “ग्रामीण भेगलाई बजारसँग र बजारलाई ग्रामीण भेगसँग जोडी सामाजिक तथा आर्थिक विकासमा यस सडकले महत्वपूर्ण भूमिका खेल्ने छ ।”

डेढवर्ष अघि रु चार करोड ९९ लाख ९८ हजारको लागत अनुमानमा बोलपत्र आह्वान गरिएकोमा रु चार करोड ३१ लाखमा गीता र क्रियटिभ जेभी स्याङ्जाले सडक निर्माण सम्पन्न गरेको हो । ठेक्का सम्झौताअनुसार पक्की नाली, ट्राफिक सङ्केत र पेन्टिङसहित २.७ किलोमिटर सडक निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारको रु एक करोड, सङ्घीय सांसद विकास कोषबाट रु ५० लाख र बाँकी गाउँपालिकाको लागत साझेदारीमा उक्त सडक निर्माण सम्पन्न भएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । पाँच मिटर चौडाइ रहेको उक्त सडक निर्माण कम्पनीले निर्धारित समयमै निर्माण सम्पन्न गरी हस्तान्तरण गरेको हो ।

# पर्वतमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण

पोखरापत्र संवाददाता
पर्वत, १९ फागुन

पर्वतमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण सुरु गरिएको छ।

जिल्लाका दुई नगरपालिकापाँचगाउँपालिकामा परिचयपत्र वितरण गर्न सुरु भएको हो। गरिबीको रेखामुनि परेका परिवारहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुलाई परिचयपत्र वितरण गर्न थालिएको स्थानीय तहले जनाएका छन्। अहिले जिल्लाका सातवटै स्थानीय तहमा गणक तथा सुपरिवेक्षक परिचालन गरिएको छ। भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले सो कार्य सुरु गरेको हो। गरिब परिवार पहिचान गरी उनीहरुलाई राज्यको तर्फबाट राहत प्याकेज सहयोग गर्ने उद्देश्यले तथ्याङ्क सङ्कलन गर्न थालिएकोले सही र सत्य विवरण सङ्कलन गर्नुपर्नेमा जोड दिइएको छ।

यसको मूल्याङ्कन तथा अनुगमनको जिम्मा जिल्ला समन्वय समितिले पाएको छ। गाउँपालिकाको कार्ययोजना अनुसार गणक तथा सुपरिवेक्षक पाँच महिनासम्म फिल्डमा खटिएर तथ्याङ्क सङ्कलन गर्ने जिल्ला समन्वय अधिकारी सुरेश ढकालले जानकारी दिनुभयो।

स्थानीय तहहरुले मातहतका बासिन्दालाई सही तथ्याङ्क टिपाउन आग्रह गरेका छन्। उनीहरुले जति धेरै सत्यतथ्य सूचना सङ्कलन भयो त्यतिनै धेरै राज्यलाई सहजता र प्रत्यक्ष गरिब परिवारलाई राहत पुग्ने भएकाले झुटा विवरण नदिन आग्रह गरिएको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसानबहादुर क्षेत्रीले बताउनुभयो। पर्वत जिल्लाभर परिचालन हुने ४१ जना गणक तथा सुपरिवेक्षकलाई जिससले तालिमसमेत दिइसकेको छ।

# आधारभूत स्वास्थ्य केन्द्रमा प्रसूति सेवा सुरु

पोखरापत्र संवाददाता
दमौली, १९ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित सत्रसय आधारभूत स्वास्थ्य केन्द्रमा प्रसूति केन्द्र सञ्चालन गरिएको छ। सबै वडामा प्रसूति केन्द्र स्थापना गर्ने गाउँपालिकाको लक्ष्यसहित वडा नं १ को आधारभूत स्वास्थ्य केन्द्रमा बुधबारदेखि प्रसूति केन्द्र सञ्चालन सुरु गरिएको छ।

स्थानीय महिलालाई वडास्तरमै प्रसूति सेवा दिने उद्देश्यसहित प्रसूति केन्द्र सञ्चालनमा ल्याइएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिनुभयो। "यस क्षेत्रका महिलालाई सुरक्षितरुपमा आफ्नै ठाउँमा प्रसूति सेवा दिनका लागि प्रसूति केन्द्र सञ्चालनमा ल्याएका हौँ", उहाँले भन्नुभयो, "यसले गर्दा घरमै असुरक्षित सुत्केरी हुने प्रचलन पनि हट्ने विश्वास लिएका छौँ।" घरमा सुत्केरी हुँदा महिला र बच्चा दुवैको स्वास्थ्यमा समस्या देखिन सक्ने भएकाले प्रसूति केन्द्रमा नै आएर प्रसूति गराउन सचेतना जगाइने उहाँले बताउनुभयो।

स्वास्थ्य केन्द्रमा प्रसूति सेवा सञ्चालनका लागि सबै उपकरण व्यवस्थापन गरिसकिएको छ। केन्द्रबाट गर्भवती जाँच, तालिम प्राप्त नर्सबाट सुत्केरी सेवा प्रदान गरिनेछ। सुत्केरी भएपछि आवश्यक जाँचको व्यवस्थासमेत गरिएको छ। केन्द्रमा एक जना नर्स पहिल्यै रहे पनि प्रसूति केन्द्रका लागि छुट्टै नर्सको व्यवस्था गरिएको छ। प्रसूति केन्द्रबाट आँबुखैरेनी गाउँपालिका- १ र २ का अलवा गोरखाको पालुङटार र तनहुँकै बन्दीपुर गाउँपालिका महिला लाभान्वित हुनेछन्।

प्रसूति केन्द्रमा सुत्केरी गराउँदा गाउँपालिकाले प्रोत्साहनस्वरुप नगदसमेत प्रदान गर्ने गरेको छ। सरकारी स्वास्थ्य संस्थाबाट सुत्केरी गराउँदा सरकारबाट रु दुई हजार ८०० गाउँपालिकाबाट रु एक हजार गरी रु तीन हजार ८०० प्रोत्साहन रकम दिने गरिएको छ। यसका साथै सुत्केर ीसँग उपाध्यक्ष कार्यक्रममार्फत एक क्रेट अण्डा र एउटा कुखुराको भाले दिने व्यवस्था सुरु गरिएको गाउँपालिकाका उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार सबै वडामा प्रसूति केन्द्र सञ्चालन गर्नका लागि गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गरिएको छ। तर बजेट अभावका कारण केन्द्र सञ्चालनमा ढिलाइ भएको उहाँले बताउनुभयो। "सबै वडामा प्रसूति केन्द्र राख्नका लागि गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गरे पनि बजेट अभावले विस्तार गर्न सकिएको छैन, आगामी दिनमा विस्तार हुँदै जानेछ", उहाँले भन्नुभयो। उपाध्यक्ष श्रेष्ठका अनुसार गाउँघरमै प्रसूति केन्द्र नहुँदा महिलालाई समस्या हुँदै आएको छ। प्रसूति केन्द्रको अभावमा घरमै सुत्केरी गराउँदा कतिपयले त ज्यान पनि गुमाएको उहाँको भनाइ छ।

यसअघि आँबुखैरेनी स्वास्थ्य चौकीबाट प्रसूति सेवा नियमितरुपमा सञ्चालन भइरहेको छ। उक्त केन्द्रबाट वार्षिक १५० भन्दाबढीले सुत्केरी सेवा लिने गरेका छन्।

# स्थानीय तह निर्वाचनको तयारी तीव्र

पोखरापत्र संवाददाता
गलेश्वर, १९ फागुन

जिल्ला निर्वाचन कार्यालय बागलुङले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको तयारी थालेको छ। निर्वाचनको तयारीस्वरुप कार्यालयले अहिले मतदाता नामावली अद्यावधिकमा जुटेको छ।

निर्वाचन घोषणा भएसँगै मतदाता नामावली सङ्कलन स्थगित गरी आन्तरिक तयारीमा लागेको जिल्ला निर्वाचन अधिकारी ओमनारायण शर्माले जानकारी दिनुभयो। "मतदाता नामावली अद्यावधिकका लागि निर्वाचन आयोगमा पठाएका छौँ, आयोगबाट अद्यावधिक भएर आएपछि अन्तिम नामावली प्रकाशित गर्छौं", उहाँले भन्नुभयो। कार्यालयले मतदाता परिचयपत्र नभएका मतदाताको हकमा आगामी फागुन २० गतेभित्र वडा कार्यालयको सिफारीसमा निवेदन दिएकाको मात्रै मतदाता परिचयपत्र आउने भन्दै परिचयपत्र नभएकाले समयमै निवेदन दिन आग्रह गरेको जिल्ला निर्वाचन अधिकारी शर्माले जानकारी दिनुभयो।

मतदाता परिचयपत्र हराएका अवस्थामा नयाँ बनाउने प्रयोजनका लागि निवेदन दिन आह्वान गर्नुका साथै यही फागुन १९ मतदाता नामावली प्रकाशित गरिने भएको छ। फागुन १९ गते जिल्लाका सबै वडामा मतदाता नामावली प्रकाशन गर्ने भनिए पनि १७ गते भित्रै नामावली पठाइसकिएकाले मतदाता नामावली अध्यावधिक गर्न सहज हुने शर्माको भनाइ छ। मतदाता नामावली अध्यावधिक गर्नका लागि फागुन २० देखि २४ गतेसम्मलाई आह्वान गरिएको छ।

यसका साथै निर्वाचन कार्यालयले मतदाता नामावली प्रकाशन गर्ने, निर्वाचन केन्द्र र सङ्ख्या निर्धारण गर्ने, कर्मचारी व्यवस्थापन गर्ने कार्यकोसमेत तयारी थालेको छ।

बागलुङ जिल्लामा स्थानीय तह निर्वाचनका लागि १०३ मतदानस्थल र २०१ केन्द्र तोकिएको छ। हालसम्म जिल्लामा एक लाख ९५ हजार ३२६ फोटोसहितको मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराएको निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचन कार्यालयले मतदान स्थल थपघट गर्न नसकिने र मतदाताको अन्तिम नामावलीका आधारमा मतदान केन्द्र हेरफेर भने गर्न सकिने जनाएको छ। अध्यावधिकका लागि वडा कार्यालय र स्थानीय राजनीतिक दलले मतदाता नामावली अध्यावधिक गराउनका लागि राजनीतिक दलसहितको अन्तर्क्रियासमेत जिल्ला निर्वाचन कार्यालयले गरिसकेको छ। मतदाता नामावली अध्यावधिक गर्ने कार्य स्थानीय तहमार्फत वडासम्म पुग्ने र वडाबाट आएको विवरणका आधारमा अन्तिम नामावली तयार हुने भएका कारण राजनीतिक दलले यो विषयमा सचेत भएर सहयोग गर्न आग्रहसमेत जिल्ला निर्वाचन कार्यालयले गरेको छ।

मतदाता नामावली अध्यावधिक वडाले एकमुष्ट निर्वाचन कार्यालयमा पठाउन सक्नेछभने सोभै जिल्ला निर्वाचन कार्यालयमा आएर मतदाता नामावली अध्यावधिक गर्न सकिनेछ। मतदाता नामावलीमा नाम, ठेगानालगायतको विवरण त्रुटि भएमा मतदानबाट वञ्चित हुन नपरोस् भनेर निर्वाचन आयोगले प्रकाशित गरेको सूचनाअनुसार मतदाता नामावली अध्यावधिक गर्न थालिएको हो।

यस्तै निर्वाचनमा कर्मचारी व्यवस्थापनका लागि प्रत्येक सरकारी कार्यालयबाट कर्मचारीको विवरण सङ्कलन गरेर पठाइसकेको जिल्ला प्रशासन कार्यालय बागलुङले जनाएको छ।

# पर्यटक आउने आशमा घरबास

-रामबहादुर थापा
बागलुङ, १९ फागुन

भर्खर घरबास (होमस्टे) के खुलेका थिए, कोभिड-१९ निम्तिहाल्यो। पर्यटकलाई मन फुकाएर सत्कार गर्न नपाउँदै घरबास बन्द हुने स्थितिमा पुगे। कतिले सेवा नै रोके। कुनैले फाट्टफुट्ट मात्र पाहुना राखे। महामारी सुरु भएयताका दुई वर्ष घरबास व्यवसायका लागि अप्रिय रहे।

ग्रामीण पर्यटनलाई टेवा दिन खुलेका घरबास पूर्णरुपमा चलायमान हुन नपाउँदै थलिन पुगे। लगानी निरर्थक हुने चिन्ताले सञ्चालकलाई पिरोल्यो। राज्यले दिएको अनुदान पनि खेर जाने स्थिति बन्यो। महामारी लम्बिँदै जाँदा घरबासको भविष्यलाई लिएर निरास बनेका पर्यटन व्यवसायी अब भने केही आशावादी देखिएका छन्। कोभिड-१९ को सङ्क्रमण मत्थर हुँदै गएको छ। जनजीवन सामान्य छ। पर्यटन गतिविधि बढ्न थालेका छन्। जसको सकारात्मक प्रभाव घरबास व्यवसायमा पनि देखिने पक्का छ। गलकोट नगरपालिका-१० पाण्डवखानीस्थित 'सिद्धथान सामुदायिक घरबास'का सञ्चालक छमबहादुर काउचाले आफूहरु पाहुनाको सेवामा आतुर रहेको बताउनुभयो। "कोरोनाका कारण यसअघि सोचे जस्तो गर्न सकिएन, अब अवस्था सामान्य बनेकाले पर्यटक आउँछन् भन्ने आशा छ", उहाँले भन्नुभयो। सो घरबास सञ्चालनमा आएकै वर्ष महामारी सुरु भएपछि व्यवसायी मारमा परेका थिए। झण्डै दुई वर्षसम्म व्यवसाय शिथिल बन्न पुग्यो। सिद्धथानका सात घरमा घरबास सेवा छ। एकैपटकमा ४० जनासम्म पाहुना राख्नसक्ने तिनको क्षमता छ। पारिवारिक वातावरण, खानामा स्थानीय परिकार, मौलिक संस्कृति, रहनसहन र पर्यटकीय गन्तव्यस्थलसम्मको पदयात्रा त्यहाँको आकर्षण हो। "भान्छामा ढिँडो, आटोलगायत गाउँकै उत्पादन पाक्छ, पर्यटक लोभ्याउन सालैजो, झ्याउरे जस्ता संस्कृति पनि देखाउँछौँ", सञ्चालक काउचाले भन्नुभयो। मासुजन्य परिकारमा पनि स्थानीय कुखुरा र बोकाको मासु प्रयोग हुन्छ। सिद्धथान पुगेका बेला पर्यटकले घुम्टेको लेक, पञ्चधारा, काभ्रे गाउँ आदि घुमफिर गर्न सक्छन्। त्यहाँबाट दुई/अढाइ घण्टाको पदयात्रामा घुम्टे उक्लन सकिन्छ। घुम्टे गण्डकी प्रदेशका १०० गन्तव्यमध्येमा सूचिकृत पर्यटकीयस्थल हो। पर्यटकले इच्छाएमा पाण्डवखानीको प्रख्यात सती घाटु पनि देखाउन सकिने घरबास सञ्चालक बताउँछन्। घरबासको पूर्वाधार बनाउँदा गण्डकी प्रदेशको पर्यटन मन्त्रालयले रु १० लाख अनुदानसमेत दिएको थियो। सदरमुकाम बागलुङबजारदेखि ६० किमी मोटर यात्रामा सिद्धथान घरबास पुग्न सकिन्छ।

गलकोटकै तोरीखोला सामुदायिक घरबास पनि पर्यटकको पर्खाइमा छ। वडा नं २ नरेठाँटीस्थित उक्त घरबास पनि महामारीका बेला सुनसान बन्यो। गत महिना नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिले दुईदिने पत्रकारिता तालिम त्यहीँ चलाउँदा दुई वर्षपछि बाहिरी पाहुना देख्न पाएको अनुभव घरबास सञ्चालकले सुनाए। त्यसबेला जिल्लाभरका क्रियाशील पत्रकार तोरीखोलामा भेला भएका थिए। घरबास सञ्चालक समितिका अध्यक्ष कुमार पुन महामारी घटेर अवस्था सहज हुँदा पर्यटक भित्रनेमा ढुक्क हुनुहुन्छ। "सधैँ यही अवस्था त पक्कै रहन्न, सबै क्षेत्र खुलेपछि पर्यटकको आउजाउ पनि बढ्छ, त्यसबाट गाउँका घरबासलाई पनि फाइदा पुग्छ", उहाँले भन्नुभयो, "केही समय व्यवसाय सुस्ताए पनि फेरि जाग्नेमा हामी विश्वस्त छौँ।" तोरीखोलाका ११ घरले घरबास सेवा दिन्छन्। एक रातमा ६० जनासम्म पाहुना राख्न सक्छन्। तोरीखोला घरबासको स्वागत तथा सत्कार आफ्नै खाले छ। समूहमा जाने पाहुनालाई गाउँलेले सेतो अक्षताको टीका र माला पहिराउँछन्। भजनकीर्तनसहित सामुदायिक भवनमा पुऱ्याएर 'सगुन' चखाउने गर्छन्। सामुदायिक भवन परिसरमा मौलिक नाचगानसहित स्वागत ग्रहण गरेपछि बल्ल पाहुना घरबासमा बाँडिन्छन्।

सगुनमा कोदोको सेल रोटी, दही, मकै, भट्ट, सिन्की, मुला, गैँडागुडी आदिको परिकार हुन्छ। विसं २०७६ कात्तिकदेखि सञ्चालनमा आएको त्यस घरबासप्रति पर्यटक आकर्षित भइरहेका बेला सोही वर्षको अन्त्यतिरबाट सुरु भएको कोरोना महामारीले व्यवसाय थलिन पुगेको थियो। "फाट्टफुट्ट पर्यटक आउनेक्रम सुरु भएको छ, अब विस्तारै 'फ्लो' बढ्दै जाला", अध्यक्ष पुनले भन्नुभयो, "हामी त पूर्ण क्षमतामा पाहुनाको सत्कार गर्न तयार छौँ, यसबीचमा घरबासको क्षमता पनि केही विस्तार भएको छ।" सुरुमा पाँच घरमा मात्र घरबास सेवा रहेकामा अहिले ११ घरमा पुगेको छ। घरबास सञ्चालकले पर्यटकलाई गाउँको मौलिकता र पहिचानमा रमाउने वातावरण बनाएका छन्। कूल ६३ घरधुरी रहेको तोरीखोला मगर बाहुल्य गाउँ हो। स्थानीय उत्पादन, कला र संस्कृतिले तोरीखोला अरुभन्दा भिन्नै छ। खानामा मकैको आटो, कोदोको ढिँडो, रोटी जस्ता परिकार बन्ने गरेको घरबास सञ्चालक सीता पुनले बताउनुभयो।

गाउँमै उत्पादित माछामासु, तरकारी, गैँडागुडी, आलु आदि भान्छामा पाक्छ। सञ्चालक पुनका अनुसार पर्यटकले खाना, खाजासहित एक रात बिताएको रु एक हजार २०० तिनुपर्छ। पेय पदार्थको भने अतिरिक्त शुल्क लाग्छ। मगर समुदायमा प्रचलित कला, संस्कृति पनि त्यहाँका आकर्षण हुन्। सोरठी, कौडा, थाली नाच, भजन, भ्र्यारेलगायतले पर्यटकलाई लोभ्याउँछ।

घरबासबाट गाइघाट झरना, निलुवा, शिवधुरी, गलकोट दरबार, सहस्रधारालगायत नजिकका पर्यटकीय गन्तव्यस्थल पुग्न सकिन्छ। पुष्पलाल लोकमार्ग नजिकै रहेकाले तोरीखोला आउजाउ गर्न पनि सहज छ। सदरमुकामदेखि ४० किमी सडक यात्रामा त्यहाँ पुग्न सकिन्छ। यी मात्रै होइन, जिल्लाका ३० भन्दाबढी घरबासका सञ्चालक व्यवसाय पुनःउत्थानको आशमा छन्। बागलुङ नगरपालिका-१० भकुण्डेस्थित अतिथि सत्कारबाहेकका घरबास पछिल्लो दुई/तीन वर्षभित्रमा खुलेका हुन्। सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरिएपछि त्यस ताका घरबास व्यवसायमा आकर्षण बढेको थियो। सरकारले अनुदानसमेत दिन थालेपछि व्यवसायीहरु उत्साहित थिए।

बागलुङ पर्यटन विकास समितिका अध्यक्ष राजु खड्काले घरबासलाई व्यवस्थापकीय पक्षबाट थप चुस्त र पर्यटनमैत्री बनाउनुपर्ने खाँचो औँल्याउनुभयो। उहाँले भन्नुभयो, "व्यवसायीले घरबासको पूर्वाधार र प्रवर्द्धनमा लगानी बढाउनुपर्छ, राज्यले पनि व्यवसायीलाई अनुदानसहितका सुविधा र सहुलियत दिनुपर्छ।"

# गलेश्वरधाममा ३० हजार भक्तजनले दर्शन गरे

पोखरापत्र संवाददाता
गलेश्वर, १९ फागुन

म्याग्दीको प्रसिद्ध तीर्थस्थल गलेश्वर धाममा महाशिवरात्रिको दिन ३० हजारभन्दा बढी भक्तजनले दर्शन र पूजाअर्चना गरेका छन् भने साढे ३ लाखभन्दा बढी भेटी सङ्कलन भएको छ।

बेनी नगरपालिका-९ मा अवस्थित गलेश्वरधाममा महाशिवरात्रिको दिन मङ्गलबार साँझसम्म मन्दिरमा दर्शन र पूजाआजाका लागि ३० हजार बढी भक्तजन आएका र सोही दिन तीन लाख ५३ हजार ८७ रुपैयाँ भेटी चढेको गलेश्वर शिवालय क्षेत्रविकास कोषका कोषाध्यक्ष बालकुमारी रोकाले बताउनुभयो। शिवरात्रिमा सरोकारवालानिकायकोउपस्थितिमा गलेश्वर मन्दिर परिसरमा भेटी गनेर सार्वजनिक गरिएको उहाँले जानकारी दिनुभयो। मन्दिरमा सङ्कलन भएको भेटी मुचुल्का गरेर प्रहरीकै सुरक्षामा कोषका पदाधिकारी, कर्मचारी गलेश्वर आमा समूह, प्रहरी र स्थानीयवासीको उपस्थितिमा करिब तीन घण्टासम्म गनेर सार्वजनिक गरेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारीदिनुभयो। "कोरोनापछि भक्तजनको भीड लागेको थियो, अघिल्ला शिवरात्रिको तुलनमा झण्डै एक लाख बढी सङ्कलन भएको छ" उहाँले भन्नुभयो। सङ्कलित भेटी कोषको खातामा जम्मा गरिएको छ। दान सङ्कलन गर्ने क्रममा छिटफुट भेटिलाई समेत हरेक महिनाको १५ दिनमा सार्वजनिक गरिन्छ। ठूला पर्वमा भोलिपल्टै र नियमित रुपमा महिनाको दुई पटक गन्ने गरिएको कोषका कार्यालय प्रमुख रामबहादुर बानियाँले बताउनुभयो।

कोरोना भाइरसको जोखिमका कारण गतवर्ष सामान्य पूजा भएकोमा यसपटक महाशिवरात्रि पर्वका अवसरमा भक्तजनको भीड बढेको हो। सोही पारेर गलेश्वरधाममा भगवान शिव महादेवको स्वयं उत्पत्ति ज्योतिलिङ्गको पूजाअर्चना गर्न म्याग्दीसहित पर्वत, बागलुङ, कास्की, तनहुँ, चितवनलगायत जिल्लाबाट श्रद्धालु भक्तजन आएका थिए। मुक्तिनाथ मन्दिरको प्रवेशद्वारको रुपमा रहेको म्याग्दीको गलेश्वर शिवालयमा ११ गौमुखी धारा जडान भएको छ।

गलेश्वरको दर्शन गर्न आउने भक्तजनलाई लक्षित गरेर कालीगण्डकी नदीको गङ्गाजलले नुहाउने व्यवस्था मिलाइएको हुँदा भक्तजनको सङ्ख्यामा वृद्धि भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ।

कृष्णा गण्डकीबाट उठेर नौ रोपनी चट्टानमा फैलिएको एउटै प्रसिद्ध गोलाकार चक्रशिलाको उत्तरपूर्वी कोणमा अवस्थित मन्दिरभित्र स्वयम् उत्पत्ति ज्योतिर्लिङ्गेश्वर महादेव विराजमान भएको क्षेत्रमा प्रवेश गरेमात्रै पनि मनोकामना पूरा हुने जनविश्वासले मुक्तिनाथ मन्दिरमा जाने भक्तजनलेसमेत दर्शन गर्ने गरेका छन्। यहाँ रहेको विशाल चट्टानमा ज्योतिर्लिङ्ग, शालिग्राम, जलकुण्ड, शङ्खचक्र, नागमणि आदि चक्राकार रुपि चिन्ह स्वंयम उत्पन्न भएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ।

# नेपालका लागि मोरिससका राजदूतलाई सम्मान

रासस
काठमाडौं, १९ फागुन

नेपालका लागि मोरिससका नवनियुक्त राजदूत शान्ति वाइ हनुमानजीलाई नेपाल-मोरिसस बिजनेस काउन्सिलले सम्मान गरेको छ।

सम्मान गर्न बुधबार आयोजित कार्यक्रममा पूर्वउपप्रधानमन्त्री एवं नेपाली काँग्रेसकी नेत्री सुजाता कोइरालाले हनुमानजीको कार्यकालमा दुई देशबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा नेपालका लागि मोरिससका महावाणिज्यदूत गणेश कार्की, काउन्सिलका अध्यक्ष बटु लामिछानेलगायतले राजदूत हनुमानजीलाई नेपाली सामानका उपहारसहित सम्मान गर्नुभयो। छ सदस्यीय प्रमण्डलको नेतृत्व गर्दै छदिने भ्रमणका लागि गत शुक्रबार काठमाडौँ आउनुभएका राजदूत हनुमानजीले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नुका साथै शिष्टाचार भेट गर्नुभएको थियो। हनुमानजी मोरिससको प्रतिनिधिसभाका पूर्वसभामुखसमेत हुनुहुन्छ। सो अवसरमा राजदूत हनुमानजीले मोरिससमा नेपालीका लागि व्यापारिक र सांस्कृतिक आदान प्रदानका अवसरबारे उल्लेख गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध अझ प्रगाढ गराउन आफूले भूमिका निर्वाह गर्ने बताउनुभयो। उहाँले दुई देशबीचको व्यापारिक सम्बन्ध वृद्धि र पर्यटन प्रवर्द्धन अवसरका रुपमा यसलाई लिनुपर्ने बताउनुभयो। भारतको नयाँ दिल्लीस्थित आवासीय राजदूत हनुमानजीले भ्रमणका अवसरमा पराराष्ट्रमन्त्री डा नारायण खड्का, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग अलगअलग भेटवार्ता गर्नुभएको थियो। भ्रमण टोलीले महाशिवरात्रिका अवसरमा पशुपतिनाथको दर्शन गरेको थियो भने त्यसअघि पोखरा र अन्नपूर्ण हिमालको दृष्यावलोकन गरेको थियो।